विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## विहादी -४, वहाकीठाँटी, पर्वत

## मिति २०८२।०४।१६ गते शुक्रवार बसेको विहादी गाउँकार्यपालिका बैठकको निर्णय

**निर्णय नं १ :** चालु आर्थिक वर्ष २०८२।०८३ को लागि यस विहादी गाउँपालिकाको दररेट निर्धारण गर्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, पर्वतबाट जारी गरिएको आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत जिल्ला दररेटलाई नै विहादी गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को दररेट मानी कार्य गर्ने निर्णय गरियो । साथै योजना सञ्चालनको लागि सडक विभाग (DOR), सहरी विकास तथा भवन निर्माण (DUDBC) र स्थानीय पूर्वाधार विकासको (DoLIDAR) को नर्म प्रयोग गर्ने ।

**निर्णय नं. २ :** यस विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार म्याद २०८२ असार मसान्तमा समाप्त भएकोले करार म्याद थप गर्नको लागि कार्यालयमा निवेदन पेश गरेका देहाय बमोजिमका कर्मचारीहरुको साविककै सेवा करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउने गरि २०८२ पौष मसान्त सम्म (६ महिना) म्याद थप गर्ने ।

**देहाय :**

| क्र.स. | कर्मचारीको नाम थर | पद / तह | कार्यरत कार्यालय |
|---|---|---|---|
| १ | कमल प्रसाद भुसाल | इन्जिनियर (सातौं) | विहादी गाउँ कार्यपालिकाको कार्यालय |
| २ | खगेश्वर न्यौपाने | न्यायिक सहजकर्ता (सातौं) | विहादी गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | हिम लाल गिरी | रोजगार संयोजक (छैटौं) | विहादी गाउँ कार्यपालिकाको कार्यालय |
| ४ | तिलोत्तम पुरी | सूचना प्रविधि अधिकृत (छैटौं) | विहादी गाउँ कार्यपालिकाको कार्यालय |
| ५ | विशाल पराजुली | प्राविधिक सहायक (पाँचौं) | विहादी गाउँ कार्यपालिकाको कार्यालय |
| ६ | मोति बहादुर कुवँर | स्वकीय सचिव (चौथो) | विहादी गाउँ कार्यपालिकाको कार्यालय |
| ७ | यमकला पुरी | फिल्ड सहायक (चौथो) | विहादी गाउँ कार्यपालिकाको कार्यालय |
| ८ | गणेश आले | ना. प्राविधिक सहायक (कृषि) (चौथो) | ६ नं. वडा कार्यालय, शालिग्राम |
| ९ | हेम प्रसाद भूर्तेल | ना. पशु सेवा प्राविधिक (चौथो) | ५ नं. वडा कार्यालय, उरामपोखरा |
| १० | आकाश थापा | हलुका सवारी चालक (श्रेणी विहिन) | विहादी गाउँ कार्यपालिकाको कार्यालय |
| ११ | राजु भुसाल | कार्यालय सहयोगी (श्रेणी विहिन) | विहादी गाउँ कार्यपालिकाको कार्यालय |
| १२ | नवराज भुसाल | कार्यालय सहयोगी (श्रेणी विहिन) | विहादी गाउँ कार्यपालिकाको कार्यालय |
| १३ | राजकुमार गिरी | हलुका सवारी चालक (श्रेणी विहिन) | विहादी गाउँ कार्यपालिकाको कार्यालय |
| १४ | उत्तम परियार | कार्यालय सहयोगी (श्रेणी विहिन) | १ नं. वडा कार्यालय, बाच्छा |
| १५ | तारा कुवर | कार्यालय सहयोगी (श्रेणी विहिन) | २ नं. वडा कार्यालय, वर्राचौर |
| १६ | टिका देवी भूर्तेल भट्टराई | कार्यालय सहयोगी (श्रेणी विहिन) | ३ नं. वडा कार्यालय, रानीपानी |
| १७ | चन्द्रकान्त भुसाल | कार्यालय सहयोगी (श्रेणी विहिन) | ४ नं. वडा कार्यालय, वहाकीठाँटी |
| १८ | झुमा थापा | कार्यालय सहयोगी (श्रेणी विहिन) | ६ नं. वडा कार्यालय, शालिग्राम |
| १९ | राजन पराजुली | हलुका सवारी चालक (श्रेणी विहिन) | विहादी गाउँ कार्यपालिकाको कार्यालय |
| **स्वास्थ्य सेवा तर्फ** | | | |

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १ | स्नेहा पुरी | नेत्र सहायक (पाँचौ) | वहाकीठाँटी स्वास्थ्य चौकी |
| २ | लोक माया थापा | अ.हे.व. | उरामपोखरा स्वास्थ्य चौकी (काज गेप्ताङ सामुदायिक स्वास्थ्य ईकाई) |
| ३ | अञ्जु भुसाल | अ.न.मी. | उरामपोखरा स्वास्थ्य चौकी |
| ४ | शुश्मा थापा | अ.न.मी. | उरामपोखरा स्वास्थ्य चौकी |
| ५ | रिता कुमारी पौडेल | अ.न.मी. | शालिग्राम स्वास्थ्य चौकी |
| ६ | ज्ञान प्रसाद ढकाल | अ.हे.व. | विहादी स्वास्थ्य चौकी |
| ७ | ज्ञानेन्द्र प्रसाद भट्टराई | ल्याब असिस्टेन्ट (चौथो) | विहादी स्वास्थ्य चौकी |
| ८ | विष्णु कुमारी वि.क. | ल्याब असिस्टेन्ट (चौथो) | वहाकीठाँटी स्वास्थ्य चौकी |
| ९ | पूर्णकला न्यौपाने | कार्यालय सहयोगी | वहाकीठाँटी स्वास्थ्य चौकी |
| १० | शान्ति भूर्तेल | कार्यालय सहयोगी | उरामपोखरा स्वास्थ्य चौकी |
| ११ | विकास राना | कार्यालय सहयोगी | शालिग्राम आयुर्वेद औषधालय |
| १२ | रीता कुवँर | कार्यालय सहयोगी | बरचौर स्वास्थ्य चौकी |
| १३ | यममाया क्षेत्री | कार्यालय सहयोगी | बाच्छा स्वास्थ्य चौकी |

**निर्णय नं. ३ :** चालु आर्थिक वर्ष २०८२।०८३ मा यस विहादी गाउँपालिकाबाट कार्यान्वयन हुने विशेष, समपुरक, ससर्त र पालिकास्तरिय ठुला योजनाहरु हाईटेक टनेल, सिंचाई, चिस्यान केन्द्र तथा सडकको ठेक्का प्रकृया अगाडी बढाउने ।
**निर्णय नं. ४ :** चालु आर्थिक वर्ष २०८२।०८३ मा संघीय विशेष अनुदान मार्फत सञ्चालन हुने विहादी गाउँपालिकामा हाईटेक टनेल निर्माण शिर्षकबाट टनेल गर्नको लागि गाउँपालिकाबाट ८० प्रतिशत अनुदानमा कृषकहरुलाई हाईटेक टनेल उपलब्ध गराउने ।
**निर्णय नं. ५ :** सडक बोर्ड नेपाल र विहादी गाउँपालिकाको साझेदारी कार्यक्रमबाट विहादी गाउँपालिका ६ नं. वडा शालिग्राममा रहेको गोलाङघाट सुसिलढुंगा सडक निर्माणको लागि सडक बोर्ड नेपालबाट बजेट सुनिश्चितता पश्चात ठेक्का प्रकृया अगाडी बढाउने ।
**निर्णय नं. ६ :** गत आर्थिक वर्ष २०८१।०८२ मा तर्जुमा गरिएको कालीगण्डकी नदीसँग सम्बन्धित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०८१ लाई समय सापेक्ष बनाउन तथा प्रतिवेदनमा रहेका केही व्यवस्थाहरु संशोधन गर्नुका अतिरिक्त कालीगण्डकी नदी किनारमा रहेका बगरहरुको पुन विस्तृत सर्वे गर्न समेत आवश्यक देखिएको सन्दर्भमा चालू आ.व.को पहिलो चौमासिकमा कार्य प्रारम्भ गर्ने गरि अद्यावधिक गर्ने ।
**निर्णय नं. ७ :** विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुको कार्यालय प्रयोजनको लागि भाडामा लिईएका घरहरुको साविकको सम्झौता रकम अनुसार आगमी एक वर्ष (२०८३ असार मसान्त सम्म) को लागि पुन सम्झौता गर्ने ।
**निर्णय नं. ८ :** चालु आर्थिक बर्ष २०८२।०८३ को पशु विकास शाखाको स्थानीय लोकल गाई संरक्षण कार्यक्रम सञ्चालनको लागि विगत दिखि दिदै आएको प्रति सुत्केरी गाई रु २५००/- (दुई हजार पाँच सय) रुपैयाँको अनुदानलाई निरन्तरता दिने ।
**निर्णय नं. ९ :** चालु आर्थिक वर्ष २०८२।०८३ को विहादी गाउँपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको लागि २०८२ भाद्र मसान्त भित्र उपभोक्ता समिति गठन गरि विहादी गाउँ कार्यपालिकाको कार्यालय, योजना शाखामा विवरण पठाउन वडा कार्यालयहरुलाई पत्राचार गर्ने ।
**निर्णय नं. १० :** नेपाल सरकारको रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत सशर्त अनुदान (चालु) तर्फ संघीय सरकारको ५० प्रतिशत र स्थानीय सरकारको ५० प्रतिशत आर्थिक साझेदारीमा मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौ तह) कर्मचारी करार सेवामा नियूक्त गर्ने गरि बजेट प्राप्त भएकोले मनोसामाजिक परामर्शकर्ता करार सेवामा नियूक्त गर्नको लागि विज्ञापन प्रकाशन गरि प्रकृया अगाडी बढाउने ।
**निर्णय नं. ११ :** गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम १११ बमोजिम यस कार्यालय वा अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुले अध्ययन विदाको लागि पूर्व स्वीकृति माग गरेमा नियम १११ को उपनियम (८) बमोजिम पूर्व स्वीकृति दिने ।

**मिति २०८२।०४।१६ गते शुक्रवार बसेको गाउँकार्यपालिकाको बैठकको निर्णय प्रमाणित**

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति : २०८२।०४।१८

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत